मितिः-२६ असोज, २०७७

# आह्वान

विगत २० वर्षदेखि रेमिट्यान्स क्षेत्रको एक अगुवा संस्थाका रुपमा कार्यरत आइएमई लिमिटेड यहाँहरूको सेवामा समर्पित रही आएको सबैमा विदितै छ । तपाई वा तपाईंको परिवारका सदस्यहरूले विदेशमा आर्जन गरेको रेमिट्यान्स सुरक्षित, विश्वसनीय र भरपर्दो तवरले तपाईंका आफन्तको हातसम्म पुर्‍याउनु नै हाम्रो मुख्य उद्देश्य हो । जस्तोसुकै कठिन परिस्थितिमा पनि रेमिट्यान्स सेवालाई थप सहज, सुलभ र सेवाग्राहीमैत्री बनाउने कार्यलाई हामीले व्यावसायिक धर्मका रुपमा लिंदै आएका छौं र त्यसैबमोजिम सेवा प्रवाह पनि गरिरहेका छौं । हाम्रो यो उद्देश्य र प्रतिबद्धतामा निरन्तर साथ र सहयोग पुर्‍याउने आम सेवाग्राहीहरूलाई हार्दिक आभार प्रकट गर्दछौं । विदेशमा यहाँहरुले दुःख गरेर आर्जन गरेको परिश्रमको कमाइलाई हामीले जतन गरेर तपाईहरुका आफन्तसम्म पुर्‍याइरहेको इमान्दारिताको आशिर्वादले नै आज हामी यो स्थानमा छौं भन्ने हाम्रो विश्वास हो ।

यतिखेर विश्वको कुनाकाप्चा जस्तै हामी पनि कोरोना संक्रमणको कहरमा छौं । गएको डिसेम्बरको अन्त्यतिरबाट शुरु भएको कोरोना भाइरस (कोभिड- १९) ले सिर्जना गरेको महामारीका कारण देश विदेश (विशेषगरी खाडी तथा मलेसिया) मा रहँदै आउनु भएका नेपाली दिदीबहिनी दाजुभाइहरुले अकालमा ज्यान गुमाउनु परेको खबर सुन्नु पर्दा हामीलाई अत्यन्तै दुःख लागेको छ । यस महामारीबाट ज्यान गुमाउने सबैप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दै उहाँका आफन्तजनहरुप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं । साथै, यस महामारीबाट संक्रमित भई उपचाररत सबैको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं ।

आइएमई देशको एक अग्रणी व्यावसायिक संस्था हुनुको नाताले हामीमा केही सामाजिक दायित्वहरू छन् । संस्थागत सामाजिक उत्तरदायित्वलाई मुख्य कर्तव्यका रुपमा पालना गर्दै आएको आइएमईले अप्ठ्यारो परेका बेलामा सक्दो सहयोग गर्नुलाई एउटा परम्पराकै रुपमा विकास गरेको छ र आफ्नो स्थापना कालदेखि नै यसलाई निरन्तरता दिँदै आएको छ । त्यसैले यतिखेर कोरोना महामारीबाट विदेशमा मृत्यु भएकाका आफन्तजनलाई यथाशक्य सहयोग गर्ने निर्णय गरेका छौं ।

हामी नेपालीले मनाउँदै आएका चाडपर्वहरूको यो मौसम पनि यसवर्ष हामीलाई फिक्का लागेको छ । त्यसैले पनि सधैं चाड पर्वलाई लक्षित गरी ल्याइने सेवाग्राहीमुखी स्किम ल्याउन यसपटक हामी असमर्थ भयौं । तथापि, चाडपर्वमा दिनुपर्ने विशेष सेवाको व्यवस्था सदा झैं यसपटक पनि मिलाइएको छ । हामीले यस वर्ष पर्वलक्षित स्किममा खर्चिने श्रोत तथा साधनलाई कल्याणकारी कार्यमा लगाउने निर्णय गरेको कुरा यहाँ जानकारी गराउन चाहन्छौं । हाम्रो यो प्रयासबाट थोरै भएपनि प्रभावित परिवारलाई आड भरोसा मिल्नेमा हामी विश्वस्त छौं ।

त्यसैले आइएमई लिमिटेडले कोरोना भाइरस (कोभिड-१९) को आपतकालीन मानवीय अवस्थालाई हृदयंगम गर्दै विदेशमा ज्यान गुमाएका व्यक्तिका नेपालमा रहनुहुने परिवारको सहयोगार्थ **'भरोसा कोश'** को स्थापना गरेको छ । सहयोगको एकमात्र पवित्र उद्देश्य लिइ कम्पनीले स्थापना गरेको यस कोशबाट वितरण हुने आर्थिक सहयोग लिन ईच्छुक व्यक्तिहरुबाट तोकिएका शर्त र कागजातहरू पूरा गरी निम्न ठेगानामा आवेदन आह्वान गर्दछौं ।

**क) शर्तहरू:-**

१.मृतक नेपाली नागरिक हुनुपर्नेछ ।

२)मृतक कामदार (वर्क परमिट) भिषामा विदेशमा गएको हुनु पर्नेछ ।

३)सन् २०२० को जनवरी १ देखि अक्टोबर १६ (२०७६ साल पुस १६ देखि २०७७ साल असोज ३०) सम्म विदेशमा मृत्यु भएकाका आफन्तहरूले आवश्यक विवरण खुलाई कागजात संलग्न गरि मिति २०७७ साल कार्तिक मसान्तसम्म आवेदन दिन सक्नुहुनेछ ।

४)कोशमार्फत वितरण हुने सहयोग राशीको अन्तिम निर्णय गर्ने सम्पूर्ण अधिकार आइएमईमा निहित हुनेछ ।

**ख) कागजातहरु: -**

१)आवेदकको नाम , ठेगाना र सम्पर्क नम्बर स्पष्ट खुलाइएको आवेदन

२)मृतकको नाम, देश र पासपोर्ट/भिषाकपी

३)मृत्युवरण गर्ने व्यक्तिसँगको नाता (प्रमाण सहित)

४)मृत्युवरण गर्ने व्यक्तिको पासपोर्ट साइजको फोटो एकप्रति

५)सम्बन्धित देशको नेपाली दुतावासबाट जारी गरिएको मृत्यु प्रमाण-पत्र

**ग) आवेदनका लागि सम्पर्क ठेगाना :-**

राजु पौडेल / ब्रिजन श्रेष्ठ

आइएमई फाउन्डेसन भरोसा कोश

आइएमई कम्प्लेक्स, पहिलो तल्ला

पानीपोखरी, काठमाडौं- नेपाल

सम्पर्क फोन नम्बर: ०१-४२१७६०० र ४२१७६०१ एक्सटेन्सन २५७/ २५४

सम्पर्क मोबाइल नम्बर :९८०२०६४८४४/९८०२०३२४७६

इमेल: rajubag@imeremit.com.np/brijan@imeremit.com.np

**पुनश्चः- यसका अतिरिक्त नेपालमा अवस्थित आइएमईका सम्पूर्ण प्रादेशिक कार्यालयहरूमा समेत सम्पर्क गर्न सक्नुहुनेछ ।**

आइएमई लिमिटेड

# सूचना

कोरोना भाइरस (कोभिड-१९) महामारीबाट विदेशमा मृत्यु भएका नेपाली श्रमिकका आफन्तलाई यथाशक्य सहयोग गर्ने एक मात्र उद्देश्यका साथ स्थापित "भरोसा कोश" मा निवेदन दिने मिति २०७७ साल मङ्सिर १५, गते सोमबार साँझ पाँच बजेसम्म थप गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

यस सम्बन्धी थप जानकारीका लागि तल दिइएका नम्बरहरुमा सम्पर्क गर्नुहुन हार्दिक अनुरोध गर्दछौं।

सम्पर्क नम्बरहरु:

- ९८०२०६४८४४
- ९८०२०३२४७६